# मिति २०८२/०८/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण।

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | बिशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १. | तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतको आयोजना प्रमुख तथा कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सचिव राजेन्द्र प्रसाद भारीसमेत १६ जना (बिशेष अदालतको मुद्दा नं. ०८०-CR-००१७ र फैसला मिति २०८१।०१।१० | शीत भण्डार निर्माणको काममा सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको | (१) प्रतिवादी राजेन्द्र प्रसाद भारीको हकमाः- उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतको तत्कालीन आयोजना प्रमुख तथा कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तत्कालीन सचिवको पदमा कार्यरत रहेको अवस्थामा प्रतिवादी राजेन्द्रप्रसाद भारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३को (ज) बमोजिम बिगो रु. ९२,४३,२९८।- (अक्षरूपी बयानब्बे लाख त्रिचालिस हजार दुई सय अन्ठानब्बे रुपैयाँ मात्र) कायम गरी कैद सजाय हुन, र सोही ऐनको दफा ३(१) बिगो रु. ९२,४३,२९८।- (अक्षरूपी बयानब्बे लाख त्रिचालिस हजार दुई सय अन्ठानब्बे रुपैयाँ मात्र) जरिवाना गरि सो बिगो मध्ये रु. ४३,७५,७८९।- (अक्षरूपी त्रिचालिस लाख पचहत्तर हजार सात सय उनानब्बे रुपैयाँ मात्र) दाखिला भएकोले बाँकी बिगो रु. ४८,६७,५०९।- (अक्षरूपी | **फैसलाः** शीत भण्डार निर्माण आयोजनाको बिशेष अनुदान रकम भुक्तानी लिनेदिने कार्यमा प्रतिवादीहरुले बदनियत देखिन नआएकोले निज प्रतिवादीहरु उपरको आरोपदावी पुग्न सक्ने देखिएन। तसर्थ, प्रतिवादीहरु राजेन्द्र प्रसाद भारी, भक्तिराम शर्मा, हरि प्रसाद पण्डित, गुरु प्रसाद अधिकारी, खिमलाल वली, सुरेश कुमार थापा, हरि बहादुर थापा, उत्तम कुमार बस्नेत, गणेश भण्डारी, सुवर्ण राज भारती, उषा ठाडा, कलाधर उपाध्याय, प्रकाश अधिकारी, लक्ष्मण कडेल, प्रवल शाही, र महेश शर्मालेे आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८१।१।१० मा फैसला सम्मानित | **१.बिशेष अदालत, काठमाण्डौंबाट वरामद भएको चेकहरुको हकमा विगो दावी पुग्न नसक्ने ठहर गरि भएको फैसला निम्न आधार कारणवाट बदर भागी छ।** **१.प्रतिवादी राजेन्द्र प्रसाद भारीको हकमाः-** उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतको तत्कालीन आयोजना प्रमुख पछि कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तत्कालीन सचिवको पदमा कार्यरत रहेको अवस्थामा निजले सुर्खेत जिल्ला, विरेन्द्रनगर औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण गर्ने कार्यको लागि Civil work र Steel Structures and Machinaries भएको काममा विषय विज्ञले प्रमाणित नगरेको शीत भण्डारको खेस्रा डिजाइन र नक्साको आधारमा लागत अनुमान तयार गर्ने र विषय विज्ञले प्रमाणित नगरेको शीत भण्डारको खेस्रा नक्साको पनि विपरीत हुने गरी कार्य गरी/गराई निर्माण कार्य अधुरो, अपुरो र प्रयोगविहीन अवस्थामा रहेको देखिँदा निजले कुल रु. ९२,४३,२९८।- (अक्षरुपी बयानब्बे लाख त्रिचालिस हजार दुई सय अन्ठानब्बे रुपैयाँ मात्र) बराबरको रकम कर्णाली कोल्डचेन लजिस्टिक प्रा.लि., सुर्खेतलाई भुक्तानी गरी सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको मिसिल संलग्न कागजात प्रमाणहरुबाट स्थापित भएको छ। शुरु आर्थिक बर्ष २०७३/०७४ मा कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेत र उच्च मूल्य कृषि वस्तु विकास आयोजनाविच भएको सम्झौतामा आयोजनाको काम गरे वापत हरेक भुक्तानी ४७.०५ प्रतिशत मात्र कार्यालयले दिने भनी लेखिएको छ। तर तीनै किस्ता रकमको भुक्तानी हेर्दा दुई कस्ता रकम बढी प्रतिशतमा भुक्तानी भएको छ। यसैगरी निज प्रतिवादीले आर्थिक बर्ष २०७५/०७६ मा कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेत र कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयविच भएको सम्झौतामा काम गरे वापत हरेक भुक्तानी ३० प्रतिशत मात्र मन्त्रालयले दिने भनी लेखिएको छ। यि प्रतिवादीले पहिलो फेजमा कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेत र उच्च मूल्य कृषि वस्तु विकास आयोजनाविच भएको सम्झौतामा काम गरे वापत भुक्तानी दिनुपर्ने रकम रु.२२,९२,६१५।३९ (बाइस लाख बयानब्बे हजार छ सय पन्ध्र रुपैयाँ उननचालीस पैसा) रहेकोमा रु.६५,५४,८६५।– (पैंसठी लाख चौवन्न हजार आठ सय पैंसठी रुपैयाँ) भुक्तानी दिएको अवस्था छ। यसमा बढी भुक्तानी रु.४२,६२,२४९।६१(बयालींस लाख बैसठी हजार दुई सय उनानचास रुपैयाँ एकसठी पैसा) रहेको छ।यसैगरी बढी भुक्तानी भएको रकममा यि प्रतिवादीले कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतले तिर्न नपर्ने मुल्य अभिबृद्धि कर(Value Added Tax) तिर्नको लागि ४,०८,१५२।७६(चार लाख आठ हजार एक सय बाउन्न रुपैयाँ छयहत्तर पैसा) सम्झौताभन्दा बढी प्रतिशतमा भुक्तानी(Higher Ratio Payment) गरेको रु. ३,१८,०२८।२५(तीन लाख अठार हजार अट्ठाइस रुपैयाँ पच्चीस पैसा) र निर्माण भएको कार्यको लागि भनेर गरिएको काम भनी बढी नाप (Over Measurement) गरेर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | अड्चालिस लाख सत्सठ्ठी हजार पाँच सय नौ रुपैयाँ मात्र) समेत सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन माग दाबी लिइएको देखिन्छ।<br>(२) प्रतिवादीहरू भक्तिराम शर्मा, गुरू प्रसाद अधिकारी र उत्तम कुमार बस्नेतको हकमाः-<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, सुर्खेतको तत्कालीन नि. निर्देशक भक्तिराम शर्मा, योजना शाखामा कार्यरत प्राविधिक सहायक (कृषि अधिकृत) गुरू प्रसाद अधिकारी र लेखा अधिकृत उत्तम कुमार बस्नेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३को (घ) बमोजिम रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चीस हजार पाँच सय सत्सठ्ठी रुपैयाँ पैसा एघार मात्र) बिगो कायम गरी कैद सजाय हुन, र ऐ. ऐनको दफा ३ बमोजिम रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चीस हजार पाँच सय सत्सठ्ठी रुपैयाँ पैसा एघार मात्र) बराबरको बिगोबमोजिम जरिबाना गरी हानि नोक्सानी भएको बिगो रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चिस हजार पाँच सय सत्सठ्ठी | बिशेष अदालतबाट<br>**बिशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क. प्रतिवादीहरु ले अतिरिक्त लाभ लिएको वा प्रलोभनमा परेको वा निजहरुले बदनियत वा लापरवाही गरेको नदेखिएको।<br>ख. सुर्खेत जिल्ला, विरेन्द्रनगर औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण गर्ने कार्यको लागि दातृ निकाय उच्च मूल्य कृषि बस्तु आयोजना (High Value Agriculture Project in Hill Mountain Areas-HVAP) संग कर्णाली कोल्ड चेन लजिष्टिक प्रा.लि.को मिति २०७४।१।२५ मा भएको सम्झौता अन्यथा भन्ने स्थिति नरहेको<br>ग. निर्माण कार्य वापतको रकम विशेष अनुदान रकमबाट रनिङ्ग बिल भरपाई पेश गरी सोधभर्ना लिएको देखिएको।<br>घ. सो कोल्ड | रु.३५,३६,०६८।६०(पैंतीस लाख छत्तीस हजार अठसठ्ठी रुपैयाँ साठी पैसा) भुक्तानी गरेको देखियो। यसरी यि प्रतिवादीले कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतसंग गरेको सम्झौता विपरीत भुक्तानी गरी रकम हिनामिना गरेको स्पष्ट गरेको देखिन्छ। पछि कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतले केही रकम रु.४३,७५,७८९।– (त्रिचालीस लाख पचहत्तर हजार सात सय उन्नानब्बे रुपैयाँ)फिर्ता गरेको अवस्था रहेकोमा उक्त रकम फिर्ता भएपनि यिनै प्रतिवादीले दिनै नपर्ने शीर्षकमा भुक्तानी दिई र सम्झौता गरिएको प्रतिशत भन्दा बढी भुक्तानी उक्त कम्पनीलाई दिई कानुन विपरीत कार्य गरेको स्थापित भएको छ। जुन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर भित्र रहेको स्पष्ट देखिन्छ।<br>निजै प्रतिवादीले कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेत र कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयविच सुर्खेत जिल्ला, विरेन्द्रनगर औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण गर्ने सम्झौता भएकोमा मन्त्रालयमा रहेको समयमा सचिव पदमा रही कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतले तिर्न नपर्ने मुल्य अभिबृद्धि कर(Value Added Tax) तिर्नको लागि ३,२५,५६७।११(तीन लाख पच्चीस हजार पाँच सय सठसठ्ठी रुपैयाँ एघार पैसा) र निर्माण भएको कार्यको लागि भनेर गरिएको काम भनी बढी नाप (Over Measurement) गरेर रु.१६,२४,८८१।११(सोह्र लाख चौबिस हजार आठ समय एकासी रुपैयाँ साठी पैसा) गैर कानूनी रुपमा भुक्तानी दिएको स्थापित भएको देखिएको छ। यसरी यि प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर स्थापित भएको हुँदा शुरु बिशेष अदालतले सफाई दिने गरी गरेको फैसला बदर गरी सोही ऐनको दफा ३ को देहाय (ज) बमोजिम कैद सजाय गरी सोही दफा ३ बमोजिम रु.९२,४३,२९८।–(बयानब्बे लाख त्रिचालीस हजार दुई सय अन्ठानब्बे रुपैयाँ) जरिबाना गरि ४७.३४ प्रतिशत रकम रु. ४३,७५,७८९।– (त्रिचालीस लाख पचहत्तर सात सय उनानब्बे रुपैयाँ) दाखिला भैसकेकोमा हानी नोक्सानी भएको बाँकी बिगो रु ४८,६७,५०९।–(अठचालीस लाख सठसठ्ठी हजार पाँच सय नौ रुपैयाँ) निज प्रतिवादीबाट असुल उपर हुन सादर अनुरोध छ।<br>**२.प्रतिवादीहरु भक्तिराम शर्मा, गुरु प्रसाद अधिकारी, र उत्तम कुमार बस्नेतको हकमाः** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशबाट वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्यको लागि भुक्तानी दिनको लागि लेखी आएकोमा मु.अ.क.मा दर्ता नभएको कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतलाई बिल/बिजक नलिई मु.अ.क. बापतको रकम समेत भुक्तानीको लागि सिफारिस तथा भुक्तानी गरेबाट रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चिस हजार पाँच सय सत्सठ्ठी रुपैयाँ पैसा एघार मात्र) सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको हुनाले शुरु बिशेष अदालतले सफाई दिएको फैसला बदर गरी आरोप दावीबमोजिम सजाय तथा जरिबाना गरी बिगो भराई पाउँ। यि प्रतिवादीहरुले मन्त्रालयमा रहँदा लेखाको मान्य सिद्धान्त तथा सम्झौताका कागजात हेरी मूल्य अभिबृद्धि कर भुक्तानी दिनुपर्ने थियो। उक्त रकम कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतले बदनियतसाथ लिएको प्रमाणित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रुपैयाँ पैसा एघार मात्र) मध्ये ६२.८६% रकम दाखिला भएकोले बाँकी बिगो रु. १,२०,९१५।६२ (अक्षरूपी एक लाख बीस हजार नौ सय पन्ध्र रुपैयाँ पैसा बासट्ठी मात्र) समेत सोही ऐनको दफा १७ बमोजिम निजहरूबाट असुल उपर हुन माग दाबी लिइएको देखिन्छ।<br>(३) प्रतिवादीहरू हरि प्रसाद पण्डित र हरि बहादुर थापाको हकमाः-<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशको तत्कालीन वरिष्ठ कृषि अर्थ विज्ञ हरि प्रसाद पण्डित र लेखा अधिकृत हरि बहादुर थापालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३को (घ) बमोजिम रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चिस हजार पाँच सय सत्सट्ठी रुपैयाँ पैसा एघार मात्र) बिगो कायम गरी कैद सजाय हुन, सोही ऐनको दफा ३ बमोजिम रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चीस हजार पाँच सय सत्सट्ठी रुपैयाँ पैसा एघार मात्र) बराबरको बिगोबमोजिम जरिबाना गरी हानि नोक्सानी भएको बिगो रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चीस हजार पाँच सय सत्सट्ठी | स्टोरेज निर्माणको कार्य पूर्ण रुपमा सम्पन्न हुन सकेको नदेखिए तापनि हानी नोक्सानी भएको भनी दावी लिएको रकम पटक पटक गरी कर्णाली कोल्ड चेन लजिष्टिक प्रा.लि.ले दाखिला (फिर्ता) समेत गरेको देखिएको।<br>ङ. अनुदान प्राप्त गर्ने संस्था मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्ने भन्ने सम्झौता तथा सूचनामा अनिवार्य रहेको नदेखिए।<br>च. भ्याट सहितको बिल भरपाईका आधारमा सोधभर्ना दिने कार्यलाई अन्यथा भन्न सकिने अवस्था नरहेको र प्रस्तुत वारदातमा वदनियतपुर्ण तवरको भ्रष्टाचारजन्य कसूर भएको नदेखिएको। | भैराखेकोमा कार्यालयका जिम्मेवार कर्मचारीहरुले उक्त बिषयलाई हेर्नुपर्ने थियो तर सो कार्य हुन नसकेबाट रु. ७,३३,७१९।८७(सात लाख तेंत्तीस हजार सात उन्नाइस रुपैयाँ सतासी पैसा) राज्यकोषबाट राजश्व वापत गएको देखिन्छ उक्त रकमलाई फिर्ता समेत हुनको लागि प्रक्रियामा जानुपर्ने समेतलाई हेर्दा यिनै प्रतिवादीहरुले कर रकम हिनामिना गरी राज्यकोषको हानीनोक्सानी गरेको स्थापित भएकोले फैसला बदरभागी छ।<br>यसरी यि प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर स्थापित भएको हुँदा शुरु बिशेष अदालतले सफाई दिने गरी गरेको फैसला बदर गरी सोही ऐनको दफा ३ को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही दफा ३ बमोजिम रु.३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चिस हजार पाँच सय सत्सठ्ठी रुपैयाँ पैसा एघार मात्र) जरिबाना गरि ६२.८६ प्रतिशत रकम दाखिला भएको हुँदा हानी नोक्सानी भएको बाँकी बिगो रु १,२०,९१५।६२ (एक लाख बीस हजार नौ सय पन्ध्र रुपैयाँ बैसठ्ठी पैसा) प्रतिवादीहरुबाट असुल उपर हुन सादर अनुरोध छ।<br>३.**प्रतिवादीहरु हरि प्रसाद पण्डित र हरि बहादुर थापाको हकमाः** वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्य बापत मु.अ.क.मा दर्ता नभएको कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतलाई बिल/बिजक नलिई मु.अ.क. बापतको रकम समेत भुक्तानीको लागि कृषि विकास निर्देशनालय, सुर्खेतमा सिफारिस गरेबमोजिम भएको भुक्तानीमा रु. ३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चिस हजार पाँच सय सत्सठ्ठी रुपैयाँ पैसा एघार मात्र) सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको हुनाले शुरु बिशेष अदालतले सफाई दिएको फैसला बदर गरी आरोप दावीबमोजिम सजाय तथा जरिबाना गरी बिगो भराई पाउँ। यि प्रतिवादीहरुले मन्त्रालयमा रहदाँ लेखाको मान्य सिद्धान्त तथा सम्झौताका कागजात हेरी मूल्य अभिबृद्धि कर भुक्तानी दिनुपर्ने थियो। उक्त रकम कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतले बदनियतसाथ लिएको प्रमाणित भैराखेकोमा कार्यालयका जिम्मेवार कर्मचारीहरुले उक्त बिषयलाई हेर्नुपर्ने थियो तर सो कार्य हुन नसकेबाट जम्मा मुल्य अभिबृद्धि कर रकम रु. ७,३३,७१९।८७(सात लाख तेंत्तीस हजार सात उन्नाइस रुपैयाँ सतासी पैसा) राज्यकोषबाट राजश्व वापत गएको देखिन्छ उक्त रकमलाई फिर्ता समेत हुनको लागि प्रक्रियामा जानुपर्ने समेतलाई हेर्दा यिनै प्रतिवादीहरुले कर रकम हिनामिना गरी राज्यकोषको हानीनोक्सानी गरेको स्थापित भएकोले फैसला बदरभागी छ।<br>यसरी यि प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर स्थापित भएको हुँदा शुरु बिशेष अदालतले सफाई दिने गरी गरेको फैसला बदर गरी सोही ऐनको दफा ३ को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही दफा ३ बमोजिम रु.३,२५,५६७।११ (अक्षरूपी तीन लाख पच्चिस हजार पाँच सय सत्सठ्ठी रुपैयाँ पैसा एघार मात्र) जरिबाना गरि ६२.८६ प्रतिशत रकम दाखिला भएको हुँदा हानी नोक्सानी भएको बाँकी बिगो रु १,२०,९१५।६२ (एक लाख बीस हजार नौ सय पन्ध्र रुपैयाँ बैसठ्ठी पैसा) प्रतिवादीहरुबाट असुल उपर हुन सादर अनुरोध छ।<br>४.**प्रतिवादी खिमलाल वलीको हकमाः** वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रुपैयाँ पैसा एघार मात्र) मध्ये ६२.८६% रकम दाखिला भएकोले बाँकी बिगो रु. १,२०,९१५।६२ (अक्षरूपी एक लाख बीस हजार नौ सय पन्ध्र रुपैयाँ पैसा बासट्ठी मात्र) समेत सोही ऐनको दफा १७ बमोजिम निजहरूबाट असुल उपर हुन माग दाबी लिइएको देखिन्छ।<br>(४) प्रतिवादी खिमलाल वलीको हकमाः-<br>तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतका लेखा अधिकृत खिमलाल वलीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३को (घ) बमोजिम रु. ३,५३,२०४।८१ (अक्षरूपी तीन लाख त्रिपन्न हजार दुई सय चार रुपैयाँ पैसा एकासी मात्र) बिगो कायम गरी कैद सजाय हुन,र सोही ऐनको दफा ३ बमोजिम रु. ३,५३,२०४।८१ (अक्षरूपी तीन लाख त्रिपन्न हजार दुई सय चार रुपैयाँ पैसा एकासी मात्र) बराबरको बिगोबमोजिम जरिबाना गरी हानि नोक्सानी भएको बिगो रु. ३,५३,२०४।८१ (अक्षरूपी तीन लाख त्रिपन्न हजार दुई सय चार रुपैयाँ पैसा एकासी मात्र) मध्ये ७३.९०% रकम दाखिला भएकोले बाँकी बिगो रु. ९२,१८६।४६ | | कार्यको लागि भुक्तानीको लागि निवेदन प्राप्त भएकोमा मु.अ.क.मा दर्ता नभएको कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतलाई बिल/बिजक नलिई मु.अ.क. बापत रु. १,५१,६०८।– (अक्षरूपी एक लाख एकाउन्न हजार छ सय आठ रुपैयाँ मात्र) तथा सम्झौतामा उल्लिखित अनुपात (४७.०५%) भन्दा बढी भुक्तानी दिए बापत रु. २,०१,५९६।८१ (अक्षरूपी दुई लाख एक हजार पाँच सय छयानब्बे रुपैयाँ पैसा एकासी मात्र) गरी जम्मा रु. ३,५३,२०४।८१ (अक्षरूपी तीन लाख त्रिपन्न हजार दुई सय चार रुपैयाँ पैसा एकासी मात्र) बढी भुक्तानी गरी सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको हुनाले शुरु बिशेष अदालतले सफाई दिएको फैसला बदर गरी आरोप दावीबमोजिम सजाय तथा जरिबाना गरी बिगो भराई पाउँ।यि प्रतिवादीले उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) मा रहदाँ लेखाको मान्य सिद्धान्त तथा सम्झौताका कागजात हेरी मूल्य अभिबृद्धि कर भुक्तानी दिनुपर्ने थियो। उक्त रकम कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतले बदनियतसाथ लिएको प्रमाणित भैराखेकोमा कार्यालयका जिम्मेवार यि कर्मचारीले उक्त बिषयलाई हेर्नुपर्ने थियो तर सो कार्य हुन नसकेबाट जम्मा मुल्य अभिबृद्धि कर रकम रु. ७,३३,७१९।८७(सात लाख तेंत्तीस हजार सात उन्नाइस रुपैयाँ सतासी पैसा) राज्यकोषबाट राजश्व वापत गएको देखिन्छ उक्त रकमलाई फिर्ता समेत हुनको लागि प्रक्रियामा जानुपर्ने समेतलाई हेर्दा यिनै प्रतिवादीले कर रकम हिनामिना गरी राज्यकोषको हानीनोक्सानी गरेको स्थापित भएकोले फैसला बदरभागी छ।<br>यसरी यि प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर स्थापित भएको हुँदा शुरु बिशेष अदालतले सफाई दिने गरी गरेको फैसला बदर गरी सोही ऐनको दफा ३ को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही दफा ३ बमोजिम रु.३,५३,२०४।८१ (अक्षरूपी तीन लाख त्रिपन्न हजार दुई सय चार रुपैयाँ पैसा एकासी मात्र) जरिबाना गरि ७३.९० प्रतिशत रकम दाखिला भएको हुँदा हानी नोक्सानी भएको बाँकी बिगो रु ९२,१८६।४६ (बयानब्बे हजार एक सय छयासी रुपैयाँ छयालीस पैसा) प्रतिवादीबाट असुल उपर हुन सादर अनुरोध छ।<br>**५.प्रतिवादीहरु सुरेश कुमार थापा र उषा ठाडाको हकमाः** वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्यको भुक्तानीको लागि निवेदन प्राप्त भएकोमा मु.अ.क.मा दर्ता नभएको कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतलाई बिल/बिजक नलिई मु.अ.क. बापत रु. २,५६,५४४।७६ (अक्षरूपी चार लाख आठ हजार एक सय बाउन्न रुपैयाँ पैसा छहत्तर मात्र) तथा सम्झौतामा उल्लिखित अनुपात (४७.०५%) भन्दा बढी भुक्तानी रु. १,१६,४३१।४४ (अक्षरूपी एक लाख सोह्र हजार चार सय एकतीस रुपैयाँ पैसा चवालीस मात्र) गरी जम्मा रु. ३,७२,९७६।२० (अक्षरूपी तीन लाख बहत्तर हजार नौ सय छैहत्तर रुपैयाँ पैसा बिस मात्र) बढी भुक्तानी गरी सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको हुनाले शुरु बिशेष अदालतले सफाई दिएको फैसला बदर गरी आरोप दावीबमोजिम सजाय तथा जरिबाना गरी बिगो भराई पाउँ।यि प्रतिवादीहरुले उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP)मा रहँदा लेखाको मान्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (अक्षरूपी बयानब्बे हजार एक सय छयासी रुपैयाँ पैसा छयालिस मात्र) समेत सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन मागदाबी लिइएको देखिन्छ।<br>(५) प्रतिवादीहरु सुरेश कुमार थापा र उषा ठाडाको हकमाः-<br>तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतका कृषि अधिकृत सुरेश कुमार थापा र सह लेखापाल उषा ठाडालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३को (ङ) बमोजिम . ७,२६,१८१।०१ (अक्षरूपी सात लाख छब्बीस हजार एक सय एकासी रुपैयाँ पैसा एक मात्र) बिगो कायम गरी कैद सजाय हुन, र सोही ऐनको दफा ३ बमोजिम रु. ७,२६,१८१।०१ (अक्षरूपी सात लाख छब्बीस हजार एक सय एकासी रुपैयाँ पैसा एक मात्र) बराबरको बिगोबमोजिम जरिबाना गरी हानि नोक्सानी भएको बिगो रु. ७,२६,१८१।०१ (अक्षरूपी सात लाख छब्बीस हजार एक सय एकासी रुपैयाँ पैसा एक मात्र) मध्ये ७३.९०% रकम दाखिला भएकोले बाँकी बिगो रु. १,८९,५३३।२४ (अक्षरूपी एक लाख उनानब्बे हजार पाँच सय तेत्तिस रुपैयाँ पैसा चौबीस | | सिद्धान्त तथा सम्झौताका कागजात हेरी मूल्य अभिबृद्धि कर भुक्तानी दिनुपर्ने थियो। उक्त रकम कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतले बदनियतसाथ लिएको प्रमाणित भैराखेकोमा कार्यालयका जिम्मेवार यि कर्मचारीहरुले उक्त बिषयलाई हेर्नुपर्ने थियो तर सो कार्य हुन नसकेबाट जम्मा मुल्य अभिबृद्धि कर रकम रु. ७,३३,७१९।८७(सात लाख तेंत्तीस हजार सात उन्नाइस रुपैयाँ सतासी पैसा) राज्यकोषबाट राजश्व वापत गएको देखिन्छ उक्त रकमलाई फिर्ता समेत हुनको लागि प्रक्रियामा जानुपर्ने समेतलाई हेर्दा यिनै प्रतिवादीहरुले कर रकम हिनामिना गरी राज्यकोषको हानीनोक्सानी गरेको स्थापित भएकोले फैसला बदरभागी छ।<br>यसरी यि प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर स्थापित भएको हुँदा शुरु बिशेष अदालतले सफाई दिने गरी गरेको फैसला बदर गरी सोही ऐनको दफा ३ को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही दफा ३ बमोजिम ३,७२,९७६।२० (अक्षरूपी तीन लाख बहत्तर हजार नौ सय छैहत्तर रुपैयाँ पैसा बिस मात्र) जरिबाना गरि ७३.९० प्रतिशत रकम दाखिला भएको हुँदा हानी नोक्सानी भएको बाँकी बिगो रु ९७,३४६।७८ (सन्तानब्बे हजार तीन सय छयालीस रुपैयाँ अठहत्तर पैसा) प्रतिवादीहरुबाट असुल उपर हुन सादर अनुरोध छ।<br>**६.प्रतिवादी गणेश भण्डारीको हकमाः** वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्यको लागि विषय विज्ञ द्वारा प्रमाणित नगरिएको शीत भण्डारको खेस्रा डिजाइन तथा नक्साको आधारमा लागत अनुमान तयार गरी, खेस्रा नक्सा समेतको विपरीत हुने गरी निर्माण कार्य गरी/गराइ र नभए/नगरेको निर्माण कार्यलाई भए/गरेको भनी नापी किताबमा सहीछाप समेत गरी तथा गुणस्तरहीन कार्यलाई गुणस्तरको कार्य भनी प्रमाणित गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, सुर्खेतबाट भएको बढी भुक्तानी (Over Measurement) मा रु. १६,२४,८८१।११ (अक्षरूपी सोह्र लाख चौबिस हजार आठ सय एकासी रुपैयाँ पैसा एघार मात्र) सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको हुनाले शुरु बिशेष अदालतले सफाई दिएको फैसला बदर गरी आरोप दावीबमोजिम सजाय तथा जरिबाना गरी बिगो भराई पाउँ।यि प्रतिवादीले मन्त्रालयमा रहँदा सरकारी इन्जिनियरको बिषयबिज्ञता अनुसार शीत भण्डारको वास्तविक नापजाँच भएको नभएको विस्तृत रुपमा हेरी भुक्तानीको लागि नापी किताब लगायतको कागजातहरुमा हस्ताक्षर गर्नुपर्नेमा सो गरिएको नदेखिएकोले निर्माणको भुक्तानीको लागि बदनियत राखी कसूर गरेको स्पष्ट देखिएको छ।<br>यसरी यि प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर स्थापित भएको हुँदा शुरु बिशेष अदालतले सफाई दिने गरी गरेको फैसला बदर गरी सोही ऐनको दफा ३ को देहाय (च) बमोजिम कैद सजाय गरी सोही दफा ३ बमोजिम बिगो रु. १६,२४,८८१।११ (अक्षरूपी सोह्र लाख चौबिस हजार आठ सय एकासी रुपैयाँ पैसा एघार मात्र) जरिबाना गरि ६२.८६ प्रतिशत रकम दाखिला भएको हुँदा हानी नोक्सानी भएको बाँकी बिगो रु ६,०३,४८०।८४ (छ लाख तीन हजार चार सय असी रुपैयाँ चौरासी पैसा) प्रतिवादीबाट असुल उपर हुन सादर अनुरोध छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मात्र) समेत सोही ऐनको दफा १७ बमोजिम निजहरूबाट असुल उपर हुन मागदाबी लिइएको देखिन्छ।<br>(६) प्रतिवादी गणेश भण्डारीको हकमाः-<br>कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तत्कालीन सब-इन्जिनियर गणेश भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ निर्देश गरेबमोजिम सोही ऐनको दफा ३को (च) बमोजिम रु. १६,२४,८८१।११ (अक्षरूपी सोह्र लाख चौबिस हजार आठ सय एकासी रुपैयाँ पैसा एघार मात्र) बिगो कायम गरी कैद सजाय हुन, र सोही ऐनको दफा ३ बमोजिम रु. १६,२४,८८१।११ (अक्षरूपी सोह्र लाख चौबिस हजार आठ सय एकासी रुपैयाँ पैसा एघार मात्र) बराबरको बिगोबमोजिम जरिबाना गरी हानि नोक्सानी भएको बिगो रु. १६,२४,८८१।११ (अक्षरूपी सोह्र लाख चौबिस हजार आठ सय एकासी रुपैयाँ पैसा एघार मात्र) मध्ये ६२.८६% रकम दाखिला भएकोले बाँकी बिगो रु. ६,०३,४८०।८४ (अक्षरूपी छ लाख तीन हजार चार सय असी रुपैयाँ पैसा चौरासी मात्र) समेत सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन माग दाबी लिइएको देखिन्छ। | | **७.प्रतिवादी सुवर्ण राज भारतीको हकमाः** वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्यको लागि विषय विज्ञ द्वारा प्रमाणित नगरिएको शीत भण्डारको खेस्रा डिजाइन तथा नक्साको आधारमा लागत अनुमान तयार गरी, विना प्रतिस्पर्धा कम्पनीको छनौट तथा सो कम्पनी सङ्ग सम्झौता गरी, खेस्रा नक्सा समेतको विपरीत हुने गरी निर्माण कार्य गरी/गराइ र नभए/नगरेको निर्माण कार्यलाई भए/गरेको भनी नापी किताबमा सहीछाप समेत गरी तथा गुणस्तरहीन कार्यलाई गुणस्तरको कार्य भनी प्रमाणित गरी तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतबाट भएको बढी भुक्तानी (Over Measurement) मा दोस्रो रनिङ बिलको किस्ता रकम रु.२६,२८,४८१।११(छब्बीस लाख अठ्ठाइस हजार चार सय एकासी रुपैयाँ एघार पैसा) र तेस्रो रनिङ बिलको किस्ता रकम रु.९,०७,५८७।५०(नौ लाख सात हजार पाँच सय सतासी रुपैयाँ पचास पैसा) गरी जम्मा हुन आएको रकम रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठ्सठ्ठी रुपैयाँ पैसा साठी मात्र) सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको हुनाले शुरु बिशेष अदालतले सफाई दिएको फैसला बदर गरी आरोप दावीबमोजिम सजाय तथा जरिबाना गरी बिगो भराई पाउँ।यि प्रतिवादीले उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP)मा रहँदा सरकारी इन्जिनियरको बिषयविज्ञता अनुसार शीत भण्डारको निर्माण सम्बन्धमा वास्तविक नापजाँच भएको नभएको विस्तृत रुपमा हेरी भुक्तानीको लागि नापी किताब लगायतको कागजातहरुमा हस्ताक्षर गर्नुपर्नेमा सो गरिएको नदेखिएकोले शीत भण्डार निर्माण कार्यको भुक्तानीको लागि बदनियत राखी कसूर गरेको स्पष्ट देखिएको छ।<br>यसरी यि प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर स्थापित भएको हुँदा शुरु बिशेष अदालतले सफाई दिने गरी गरेको फैसला बदर गरी सोही ऐनको दफा ३ को देहाय (छ) बमोजिम कैद सजाय गरी सोही दफा ३ बमोजिम बिगो रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठ्सठ्ठी रुपैयाँ पैसा साठी मात्र) जरिबाना गरि ७३.९० प्रतिशत रकम दाखिला भएको हुँदा हानी नोक्सानी भएको बाँकी बिगो रु ९,२२,९१३।९० (नौ लाख बाइस हजार नौ सय तेह्र रुपैयाँ नब्बे पैसा) प्रतिवादीबाट असुल उपर हुन सादर अनुरोध छ।<br>**८.प्रतिवादीहरु कलाधर उपाध्याय, प्रकाश अधिकारी, लक्ष्मण कडेल, प्रवल शाहीको हकमाः** वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्यको लागि विषय विज्ञले प्रमाणित नगरेको शीत भण्डारको खेस्रा डिजाइन र नक्साको आधार लिई योजना प्रस्ताव पेस गर्ने, सोको आधारमा सम्झौता गर्ने, विषय विज्ञले प्रमाणित नगरेको शीत भण्डारको खेस्रा नक्साको पनि विपरीत हुने गरी कार्य गरी/गराई उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) संग ४८,७२,७२१।३३(अठचालीस लाख वहत्तर हजार सात सय एक्काइस रुपैयाँ तेत्तीस पैसा) र कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसंग २४,५९,९४९।२८(चौविस लाख उनानसाठी नौ सय उनानचास रुपैयाँ अठ्ठाइस पैसा) गरी जम्मा रु. ७३,३२,६७०।६१(त्रिहत्तर लाख बत्तीस हजार छ सय सत्तरी रुपैयाँ एकसठ्ठी पैसा) मूल्याङ्कन गराई दुवै सरकारी निकायसंग गरिएको सम्झौता अनुसार (रु.२२,९२,६१५।३९ र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (७) प्रतिवादी सुवर्ण राज भारतीको हकमाः-<br>तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतका सब-इन्जिनियर सुवर्ण राज भारतीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३को (छ) बमोजिम रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठ्सठ्ठी रुपैयाँ पैसा साठी मात्र) बिगो कायम गरी कैद सजाय हुन, र सोही ऐनको दफा ३ बमोजिम रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठ्सठ्ठी रुपैयाँ पैसा साठी मात्र) बराबरको बिगोबमोजिम जरिबाना गरी हानि नोक्सानी भएको बिगो रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठ्सठ्ठी रुपैयाँ पैसा साठी मात्र) मध्ये ७३.९०% रकम दाखिला भएकोले बाँकी बिगो रु. ९,२२,९१३।९० (अक्षरूपी नौ लाख बाइस हजार नौ सय तेह्र रुपैयाँ पैसा नब्बे मात्र) समेत सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन मागदाबी लिइएको देखिन्छ।<br>(८) प्रतिवादीहरु प्रकाश अधिकारी, कलाधर उपाध्याय, लक्ष्मण कडेल र प्रवल शाहीको हकमाः- | | रु.७,३७,९८४।७८) जम्मा रकम रु.३०,३०,६००।१७ (तीस लाख तीस हजार छ सय रुपैयाँ सत्र पैसा ) भुक्तानी लिनु पर्नेमा नभए/नगरेको कार्य भए गरेको भनी, नाप नक्साको विपरीत निर्माण कार्य गरी/गराई तथा गुणस्तरहीन निर्माण कार्यलाई गुणस्तरको भएको भनी मूल्याङ्कन समेत गरी/गराई उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतबाट भएको बढी भुक्तानी (Over Measurement) मा रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठ्सठ्ठी रुपैयाँ पैसा साठी मात्र) र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, सुर्खेतबाट भएको बढी भुक्तानी (Over Measurement) मा रु. १६,२४,८८१।११ (अक्षरूपी सोह्र लाख चौबिस हजार आठ सय एकासी रुपैयाँ पैसा एघार मात्र) गरी जम्मा हुन आएको रकम रु. ५१,६०,९४९।७१(एकाउन्न लाख साठी हजार नौ सय उनानचास रुपैयाँ एकहत्तर पैसा) बढी भुक्तानी लिई, सम्झौताको अनुपात भन्दा बढीको अनुपातमा उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतबाट रु. ३,१८,०२८।२५(तीन लाख अठार हजार अठ्ठाइस रुपैयाँ पच्चीस पैसा) बढी भुक्तानी लिई र मु.अ.क.मा दर्ता नभएको निजहरूको सो कम्पनीले मु.अ.क. बापत उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतबाट रु. ४,०८,१५२।७६(चार लाख आठ हजार एक सय बाउन्न रुपैयाँ छैहत्तर पैसा) र र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश अन्तर्गतको कृषि विकास निर्देशनालय, सुर्खेतबाट रु. ३,२५,५६७।११(तीन लाख पच्चीस हजार पाँच सय सतसठ्ठी रुपैयाँ एघार पैसा) जम्मा हुन आएको कर रकम रु. ७,३३,७१९।८७(सात लाख तेंत्तीस हजार सात सय उन्नाइस रुपैयाँ सतासी पैसा) बढी भुक्तानी समेत लिई सबै जम्मा कुल रु. ६२,१२,६९७।८३ (अक्षरूपी बासट्ठी लाख बाह्र हजार छ सय सन्तानब्बे रुपैयाँ पैसा त्रियासी मात्र) बढी भुक्तानी लिएको र स्थलगत नाप जाँच तथा प्राविधिक प्रतिवेदन बाट रु. ३०,३०,६००।१७ (अक्षरूपी तीस लाख तीस हजार छ सय रुपैयाँ पैसा सत्र मात्र) भुक्तानी लिनुपर्ने परिमाणको काम भएको भनिएको हकमा पनि सो निर्माण कार्य अधुरो, अपुरो र प्रयोगविहीन अवस्थामा रहेको देखिँदा निजहरूले कुल रु. ९२,४३,२९८।- (अक्षरूपी बयानब्बे लाख त्रिचालिस हजार दुई सय अन्ठानब्बे रुपैयाँ मात्र) बराबरको रकम भुक्तानी लिई सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएको र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३मा रहेको कानुनी व्यवस्था बमोजिम समेत प्रतिवादीहरू सञ्चालक समितिको अध्यक्ष/सदस्य भइ कामकाज गरेको र सो कम्पनीको मुख्य भइ काम गर्ने अधिकारी भएको देखिँदा प्रतिवादीहरूले सो अधुरो र प्रयोगविहीन संरचना बनाए बापत कुल भुक्तानी रु. ९२,४३,२९८।- (अक्षरूपी बयानब्बे लाख त्रिचालिस हजार दुई सय अन्ठानब्बे रुपैयाँ मात्र) लिई सो बराबरको सरकारी रकम हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेको स्थापित भएकोमा शुरु अदालतले उल्लेखित प्रतिवादीहरुलाई सफाई दिएको बदर गरी आरोप दावीबमोजिम सजाय गरी पाउँ।<br>**९.प्रतिवादी महेश शर्माको हकमाः** वीरेन्द्रनगर, सुर्खेतको औद्योगिक क्षेत्रमा शीत भण्डार निर्माण कार्यको लागि विषय विज्ञ द्वारा प्रमाणित नगरिएको शीत भण्डारको खेस्रा डिजाइन तथा नक्साको आधारमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतको सञ्चालक समितिको तत्कालीन अध्यक्ष प्रकाश अधिकारी, हालको अध्यक्ष कलाधर उपाध्याय, सदस्य लक्ष्मण कडेल, सदस्य प्रवल शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा रु. ९२,४३,२९८।- (अक्षरूपी बयानब्बे लाख त्रिचालिस हजार दुई सय अन्ठानब्बे रुपैयाँ मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन माग दाबी लिइएको देखिन्छ।<br>(९) प्रतिवादी महेश शर्माको हकमाः-<br>कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि., सुर्खेतको तत्कालीन इन्जिनियर महेश शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठसट्ठी रुपैयाँ पैसा साठी मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन माग दाबी। | | निर्माण कार्य गरी/गराई, खेस्रा नक्सा समेतको विपरीत हुने गरी निर्माण कार्य गरी/गराइ र नभए/नगरेको निर्माण कार्यलाई भए/गरेको भनी नापी किताब तयार तथा सहीछाप गरी तथा गुणस्तरहीन कार्यलाई गुणस्तरको कार्य भनी प्रमाणित गरी/गराई तत्कालीन उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेतबाट भएको बढी भुक्तानी (Over Measurement) मा दोस्रो रनिङ बिलको किस्ता रकम रु.२६,२८,४८१।११(छब्बीस लाख अठ्ठाइस हजार चार सय एकासी रुपैयाँ एघार पैसा) र तेस्रो रनिङ बिलको किस्ता रकम रु.९,०७,५८७।५०(नौ लाख सात हजार पाँच सय सतासी रुपैयाँ पचास पैसा) गरी जम्मा हुन आएको रकम रु. ३५,३६,०६८।६० (अक्षरूपी पैंतिस लाख छत्तिस हजार अठसट्ठी रुपैयाँ साठी पैसा मात्र) बढी भुक्तानी लिई सरकारी सम्पत्तिको हानि नोक्सानी गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेको स्थापित भैराखेकोमा शुरु बिशेष अदालतले यि प्रतिवादीलाई सफाई दिएको फैसला बदर गरी आरोप दावीबमोजिम सजाय गरी पाउँ।<br>**१०.**यसैगरी प्रस्तुत मुद्दामा अमुक व्यक्तिलाई मुद्दा दायर नगरिएकै भन्ने आधारमा मिसिल संलग्न प्रमाणको मूल्याङ्कन नगरी सफाई दिने गरी फैसला गरिदा समाजमा दण्डहिनता बढेर आपराधिक कार्यमा समेत बृद्धि हुने हुन्छ। आपराधिक मानसिकता बृद्धि हुँदै जाने हुन्छ। भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानीमात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्वपूर्ण आधार हो। प्रतिवादीहरुको गैर कानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ।साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने (ने.का.प.२०७५ अंक ११ नि.न.१०१४२ मुद्दाःपरीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको) भनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको अवस्थामा आरोपपत्रमा उल्लेखित प्रतिवादीहरुको वदनियतपूर्ण गतिविधिका कारण शीत भण्डार निर्माणको काममा सरकारी रकम हिनामिना गरी भ्रष्टाचार भएको देखिंदादेखिंदै प्रतिवादीहरुलाई सफाई दिई गरिएको त्रुटिपूर्ण फैसला बदरभागी छ।<br>**११.**अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालका उपसचिव नारायण प्रसाद दाहाल र इन्जिनियर रोशन कुमार दासले मिति २०७७/०९/१९मा पेस गरेको तेस्रो पटकको स्थलगत निरीक्षण प्रतिवेदनलाई हेर्दा सुर्खेत जिल्लाको बिरेन्द्रनगर औद्योगिक क्षेत्र भित्र शित भण्डार निर्माण कार्यमा वास्तविक कार्य भन्दा बढी भुक्तानी भएको भन्ने समेत वेहोराको उजुरी सन्दर्भमा सो कोल्ड चेन निर्माण योजनामा फाउन्डेसन भन्दा माथि ७४ से.मि. सम्मको कार्य HVAP बाट र सो माथि ९० से.मि. को कार्य कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट भएको, सो योजनामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट Column र Tie Beamको लागि कुल ८५.६२ घ.मि. कार्य गरी नापी किताबमा २२०.९३ घ.मि परिमाण चढाइ भुक्तानी गरेको, प्रारम्भिक अनुसन्धानको प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पछि टाइ बिमको ढलान कार्यको परिमाणमा १३३.२० घ.मि. थप कार्य गरेको देखिएको। ७५ वटा Columnको लागि लागत अनुमानमा २ मि. * २ मि. मा माटो खन्ने, सोलिङ्ग गर्ने तथा PCC गर्ने रहेकोमा नापी किताबमा ८५ मि. लम्बाइ र २२ मि. चौडाइमा माटो खन्ने, सोलिङ्ग गर्ने तथा PCC गरेको भनी बिल तयार गरेको। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशबाट तयार भएको बिलमा Earth Work Fillingको परिमाण इस्टिमेटमा नभएता पनि सो आइटमको लागि रु. १७,२१,५०१।७८ बराबरको बिल तयार भएको, सोको दर वीरेन्द्रनगर नगरपालिकाको दर अनुसार रु. २९९।- रहेकोमा मन्त्रालयको बिलमा प्रति घ.मि. रु. ७२१।३५ रहेको, PCC for RCC मा जम्मा ८५.६२ घ.मि. कार्य गरी नापी किताबमा २२०.९३ घ.मि. चढाई भुक्तानी गरेको, प्रारम्भिक अनुसन्धान प्रतिवेदन पछि थप गरेको १३३.२० घ.मि. टाइ बिमको ढलान कार्य न्यून गुणस्तरको भएको, Reinforcementको प्रयोग नभएको र mono lithing casting नभएको, सो योजनाको कार्य Plinth लेभल सम्म भएको, सो योजनामा इस्टिमेट बमोजिम कार्य नभएको, इस्टिमेट भन्दा नापी किताबमा अस्वाभाविक किसिमले परिमाण बढाएको, इस्टिमेट भन्दा बढी दर राखेको भन्ने समेत ब्यहोराको प्रतिवेदन देखिएबाट सार्वजनिक सम्पत्ति रकम हिनामिना गरेको तथ्य स्थापित भएकोले शुरु फैसला बदरभागी छ।यिनै प्रतिवेदकहरुले बिशेष अदालतमा बकपत्र गर्दा प्रतिवेदनलाई समर्थन हुने गरी बकपत्र गरिदिएको हुँदा उक्त प्रतिवेदनलाई प्रमाण ऐन, २०३१ बमोजिम प्रमाणमा लिई आरोपदावीमा उल्लेखित प्रतिवादीहरुलाई सजाय तथा जरिबाना गरी बिगो समेत भराई पाउँ।<br>अतः माथि विवेचित तथ्य आधार प्रमाणहरू समेतबाट शुरु बिशेष अदालतले शीत भण्डार निर्माण कार्य अपुरो भएको बिषयलाई स्वीकार गरिरहेकोमा यसरी उल्लेखित प्रतिवादीहरुले बिभिन्न पदमा रही कार्यालयले तोकेको कार्य विवरणको भूमिका भित्र नरही मिसिल संलग्न आरोपपत्र अनुसार उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP), सुर्खेत तथा कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले मापदण्ड विपरीत विना प्रतिस्पर्धा निजी कम्पनीलाई अनुदान दिने सम्झौता गरेको स्थापित भएकोमा भूमि, व्यवस्था तथा कृषि मन्त्रालयले आर्थिक बर्ष २०७५/०७६ को अन्ततिर कोल्डचेन लजिष्टिक नामको कम्पनीलाई शितभण्डार निर्माण सम्पन्न गर्न विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ विपरीत अनुदान दिने सम्झौता गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरी कुल रकम रू. ९२,४३,२९८।- (अक्षरेपी बयानब्बे लाख त्रिचालिस हजार दुई सय अन्ठानब्बे) औचित्यहीन खर्च भई पछि रकम समेत आयोजना सम्पन्न नगर्ने कर्णाली लजिष्टिक कम्पनी प्रा.लि.ले केही रकम समेत फिर्ता गरी बदनियतबाट बच्न कोशिस गरेको समेत देखिएकोमा सार्बजनिक सम्पत्तिको हानि नोक्सानी हुन गई भ्रष्टाचार गरेको पुष्टि हुँदाहुँदै सफाइ दिएको त्रुटिपूर्ण देखिएकोले शुरु बिशेष अदालतबाट भएको फैसला बदर गरी शुरु आरोपपत्र बमोजिम आयोजनाको इष्टिमेट सम्बन्धमा नापी किताब प्रमाणित नभएको र अनुदान रकम बदनियतले लिई भुक्तानी लिई हिनामिना गरेको र बिभिन्न समयमा अनुसन्धानको क्रममा गरिएको स्थलगत प्रतिवेदनहरुबाट देखिएको कैफियत अनुसार प्रत्येक प्रतिवादीहरुलाई प्रति आरोप कसूरमा सजाय गरी जरिबाना गरी विगो रकम भराई पाउन भनी सादर अनुरोध छ। |